लिङ्ग आधारित हिंसा विरुद्ध 16 दिने औजारकिट

2022 औजारकिट

प्रत्येक नगरमा लिङ्ग-आधारित हिंसा उन्मूलन

16 लिङ्ग-आधारित हिंसा विरुद्ध दिने सक्रियतावाद

NYC मेयरको कार्यालयले घरेलु तथा लिङ्ग-आधारित हिंसा अन्त्य गर्ने

NYC लैङ्गिक निष्पक्षता आयोग

मेयरको निष्पक्षता कार्यालय NYC

WWW.NYC.GOV/16DAYS

Nepali

विषयसूची

लिङ्ग-आधारित हिंसा विरुद्धको अभियानको 16 दिने सक्रियतावाद के हो? 3

हरेक नगरमा लिङ्ग-आधारित हिंसा उन्मूलन 3

सूचीत रहनुहोस् 4

लिङ्ग-आधारित हिंसा (Gender-Based Violence, GBV) के हो? 4

GBV कस्तो देखिन्छ? 4

के GBV मा सधैँ शारीरिक हिंसा हुन्छ? 4

NYC मा को GBV को सबैभन्दा बढी जोखिममा हुन्छ? 5

GBV कहाँ घट्छ? 5

तथ्याङ्क: NYC मा लिङ्ग-आधारित हिंसा 6

संलग्न हुनुहोस् 7

सन्देश फैलाउनुहोस् 7

कुनै कार्यक्रममा उपस्थित हुनुहोस् वा सङ्गठित गर्नुहोस् 8

सामर्थ्य निर्माण गर्नुहोस् 8

लिङ्ग-आधारित हिंसा उन्मूलन गर्नका लागि तपाईंले मद्दत गर्न सक्ने 10 विधिहरू 8

बाँचेकाहरूलाई सहयोग गर्नुहोस्, उनीहरूका कुरा सुन्नुहोस् र विश्वास गर्नुहोस् 9

संसाधनहरू 10

NYC HOPE 10

NYC परिवार न्याय केन्द्रहरू 11

लिङ्ग-आधारित हिंसा विरुद्धको अभियानको 16 दिने सक्रियतावाद के हो?

लिङ्ग-आधारित हिंसा विरुद्धको अभियानको 16 दिने सक्रियतावाद (Gender-Based Violence, GBV) नोभेम्बर 25, महिला विरुद्ध हिंसा उन्मूलन अन्तर्राष्ट्रिय दिवस देखि डिसेम्बर 10, मानवाधिकार दिवससम्म वार्षिक रूपमा आयोजना हुने वार्षिक अभियान हो। 1991 मा यसको स्थापना भए यता, यो अभियायन GBV अन्त्य गर्नका लागि एउटा अन्तर्राष्ट्रिय आन्दोलन बनेको छ।

हाम्रा साझेदार सङ्गठनहरू तथा सहरका एजेन्सीहरूसँगको सहकार्यमा घरेलु तथा लिङ्ग-आधारित अन्त्य गर्ने मेयरको कार्यालय (End Domestic and Gender-Based Violence, ENDGBV), लैङ्गिक निष्पक्षता आयोग (Commission on Gender Equity, CGE), मेयरको निष्पक्षता कार्यालय (Mayor’s Office of Equity, MOE) ले NYC अभियानको सह-नेतृत्व गर्छन्। उक्त अभियान अन्तरअनुभागीय रहेको छ, जसले खप्टिएका बहुरूपी विभेदहरूको पहिचान गर्दछ, र अन्य संरक्षित वर्गहरूबिच उमेर, जातीयता/जात, आस्था, लैङ्गिक पहिचान वा अभिव्यक्ति, आप्रवासन स्थिति, शारीरिक तथा मानसिक क्षमता, यौनिक झुकाव, तथा सामाजिकआर्थिक अवस्था जेसुकै भएता पनि सम्पूर्ण मानिसहरू विरुद्ध GBV अन्त्य गर्न आह्वान गर्दछ।

हरेक नगरमा लिङ्ग-आधारित हिंसा उन्मूलन

2022 अभियानको मूल विषय आफ्ना समुदायहरूमा आरम्भ गरेर GBV विरुद्ध काम गर्न सम्पूर्ण न्युयोर्क वासीहरूका आवश्यकताहरू प्रतिबिम्बित गर्नका निमित्त "हरेक नगरमा लिङ्ग-आधारित हिंसा उन्मूलन” रहेको छ।

सूचीत रहनुहोस्

लिङ्ग-आधारित हिंसा (Gender-Based Violence, GBV) के हो?

GBV लिङ्गहरूबीच असमान सम्बन्धहरूलाई लिएर शोषण गर्नमा आधारित भावनात्मक, शारीरिक, मौखिक, यौनिक, आर्थिक र/वा संरचनागत दुर्व्यवहार हो।

GBV कस्तो देखिन्छ?

GBV ले विभिन्न रूपहरू धारण गर्दछ, जसमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन्:

- घरेलु हिंसा, घनिष्ट सम्बन्ध हिंसा, किशोरकिशोरी डेटिङ हिंसा र परिवार हिंसा
- ज्येष्ठ दुर्व्यवहार
- महिला यौनाङ्ग छेदन/कटाइ
- मानव तस्करी, जस्तै यौन तस्करी तथा श्रम तस्करी
- संस्थागत तथा संरचनाजन्य हिंसा, गर्भपात निषेधहरू वा जबरजस्ती बन्ध्याकरण
- अनलाइन उत्पीडन
- यौनिक हिंसा, यौनिक उत्पीडन तथा आक्रमण
- पछ्याउनु
- सडक उत्पीडन

के GBV मा सधैं शारीरिक हिंसा हुन्छ?

हैन, GBV मा हिंसाका एक वा बहु रूपहरू संलग्न हुन सक्छन्, जसमा निम्न सामेल छन्:

- आर्थिक
- भावनात्मक वा मनोवैज्ञानिक
- संस्थागत वा संरचनागत
- शारीरिक
- यौनिक
- मौखिक

NYC मा GBV को बढी जोखिममा छ र किन?

जुनसुकै पृष्ठभूमिका जुनसुकै व्यक्तिले GBV अनुभव गर्न सक्छन्, यद्यपि केटीहरू, महिला, तथा ट्रान्सजेन्डर, लिङ्ग अनिर्धारित तथा गैर-बाइनरी (Transgender, gender non-conforming and non-binary, TGNCNB) मानिसहरू तथा अन्यहरू बढी प्रभावित हुन्छन्।

अशक्त विभेद, उमेरजन्य विभेद, समलैङ्गिक विभेद, जातिवाद, यौनवाद, तथा अपिरिचितमानिस भयवाद सहित खप्टिएका दमनकारी प्रणालीहरूको प्रतिफल स्वरूप GBV को बढी जोखिममा पर्ने मानिसहरूका केही उदाहरणहरू निम्न छन्:

- महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्वि-लिङ्गी, तथा क्वेयर (Lesbian, gay, bisexual, and queer, LGBQ) समुदायहरू
- आप्रवासी समुदायहरू
- आदिवासी समुदायहरू
- अशक्तता भएका मानिसहरू
- गैरश्वेत मानिसहरू
- युवा मानिसहरू तथा ज्येष्ठ वयस्कहरू

GBV कहाँ घटित हुन्छ?

सबैतिर, तर विशेष गरी निम्न स्थान तथा समुदायहरू बढी जोखिममा रहेका छन्:

- निम्न कुराहरूले पीडित भएकाहरू सहित प्रणालीगत दमनबाट बढी प्रभावित समुदायहरू छन्:
  - गरिबी
  - रोजगार अवसरहरूको अभाव
  - न्यायिक प्रणालीबाट संस्थागत सहयोगको अभाव
  - समुदायभित्र यौनिक हिंसाको समग्र सहिष्णुता
- डिजिटल तथा अनलाइन स्थलहरू
- स्कूलहरू तथा कलेज परिसरहरू सहित शैक्षिक व्यवस्थापनहरू,
- घरहरू
- बार, क्लब, आदिजस्ता रात्रिजीवन स्थलहरू
- स्थानान्तरण केन्द्रहरू/स्टेसनहरू
- कार्यस्थलहरू

तथ्याङ्कहरू: **NYC मा लिङ्ग-आधारित हिंसा**

न्यूयोर्क पुलिस विभाग (New York City Police Department, NYPD) मा रिपोर्ट गरिए अनुसार 2020-2021 मा NYC का महिलाहरूको घनिष्ट सम्बन्धीले गर्ने आक्रमणबाट पीडित हुने सम्भावना पुरुषहरूको तुलनामा

3x

बढी रहेको थियो।[1]

2021

अमेरिकामा TGNCNB मानिहरूका लागि सबैभन्दा घातक वर्ष रहेको थियो।[2]

2020 देखि 2021 सम्ममा NYC मा LGBTQ+ मानिसहरूप्रति लक्ष्यित रिपोर्ट गरिएका पक्षपातका घटनाहरू

⇧ 154%[3]

2018 को एक सर्वेक्षणले





उत्पीडन वा चोरी अनुभव गरेको देखाएका थियो।[4]

2017 को एक सर्वेक्षणले पत्ता लगाए अनुसार



आफूहरूका लागि समान व्यवहार वा सेवाहरू दिन अस्वीकार गरिएको वा सार्वजनिक स्थानहरूमा मौखिक वा शारीरिक रूपमा उत्पीडित गरिएको बताए।[5]

2010 देखि 2021 सम्ममा,

NYC मा घनिष्ट सम्बन्धीहरुद्वारा गरिएको भवितव्यमा अश्वेत तथा हिस्पानिक महिलाहरूको प्रतिशत 57% रहेको थियो

जबकि समग्र जनसङ्ख्याका लागि उक्त प्रतिशत 28% रहेको थियो। [6]

1 https://www1.nyc.gov/assets/ocdv/downloads/pdf/Community-District-FA-IPV-Final-Report-Website.pdf
2 https://www.hrc.org/resources/fatal-violence-against-the-transgender-and-gender-non-conforming-community-in-2021
3 https://www1.nyc.gov/site/nypd/stats/reports-analysis/hate-crimes.page
4 https://wagner.nyu.edu/files/faculty/publications/Pink%20Tax%20Survey%20Results_finaldraft4.pdf
5 https://comptroller.nyc.gov/reports/results-of-a-survey-of-lgbtq-new-yorkers/
6 https://www1.nyc.gov/assets/ocdv/downloads/pdf/2022-Annual-FRC-Report.pdf

संलग्न हुनुहोस्

सन्देश फैलाउनुहोस्

ह्यासट्यागहरू **#NYCAgainstGBV (#एनवाइसिएगेन्सटजिविभि)** र **#OrangeTheWorld (#ऑरेंजदवर्ल्ड)** प्रयोग गरेर वा तलका चित्रहरू प्रयोग गर्दै GBV का विषयमा सामाजिक सञ्जालमा पोस्ट गरी उक्त अभियानलाई सहयोग गर्नुहोस्। नोभेम्बर 28 का दिन यस अभियानको आधिकारिक रङ सुन्तले रङ लगाएर तथा आफ्ना चित्रहरू ह्यासट्याग सहित सामाजिक सञ्जालमा पोस्ट गरेर सचेतना फैलाउन मद्दत गर्नुहोस्। पुन: नोभेम्बर 28 का दिन पनि सुन्तले रङ प्रज्ज्वलित गर्नका लागि NYC भवनहरू तथा स्थान-चिन्हहरू खोज्नुहोस्!

नमुना सामाजिक सञ्जाल चित्रहरू

कुनै कार्यक्रममा उपस्थित हुनुहोस् वा सङ्गठित गर्नुहोस्

लैङ्गिक विभेद विरुद्ध 16 दिने सक्रियतावादको अंश स्वरूप व्यक्ति-उपस्थित वा भर्चुअल कार्यक्रमहरू आयोजना गर्न हामी सम्पूर्ण न्युयोर्कवासीहरू तथा न्यु योर्क सहरका सङ्गठनहरूलाई आह्वान गर्दछौँ। हाम्रो वेबसाइट (www.nyc.gov/16Days) मा कार्यक्रम बुझाउने फाराम भरेर आफ्नो सहरब्यापी अभियान क्यालेन्डरमा निःशुल्क सार्वजनिक कार्यक्रम थप गर्नुहोस्।

सहरभरि गरिने कार्यक्रमहरूको एउटा सूचीका लागि हाम्रो वेबसाइट (www.nyc.gov/16Days) मा अभियान क्यालेन्डर हेर्नुहोस्।

सामर्थ्य निर्माण गर्नुहोस्

GBV तथा यसका असरहरूका बारेमा सचेतना वृद्धि गर्नका लागि आफ्नो कार्यस्थलमा ENDGBV तालिम टोलीबाट GBV र यसका अन्तरअनुभागीहरूमाथि एक तालिमका लागि अनुरोध गर्नुहोस् वा कुनै सामुदायिक कार्यशाला तय गर्नका लागि ENDGBV को सम्पर्क टोलीसँग जोडिनुहोस्। तालिम अनुरोध (www.nyc.gov/site/ocdv/programs/training-institute.page) गर्ने विषयमा बढी जान्नुहोस् वा सम्पर्क टोलीसँग जोडिनुहोस् (https://www1.nyc.gov/site/ocdv/programs/outreach.page)।

लिङ्ग-आधारित हिंसा उन्मूलन गर्नका लागि तपाईंले मद्दत गर्न सक्ने 10 विधिहरू

1. **बाँचेकाहरूलाई सहयोग गर्नुहोस्,** उनीहरूका कुरा सुन्नुहोस् र विश्वास गर्नुहोस्
2. **GBV का बारेमा आगामी पुस्तालाई सिकाउनुहोस् र संलग्न गराउनुहोस्,** तथा उनीहरूबाट सिक्नुहोस्
3. **आफ्नो समुदायका आवश्यकताहरू सम्बोधन गर्न GBV प्रतिक्रिया सेवाहरूका** लागि आह्वान गर्नुहोस्
4. **सहमति बुझ्नुहोस्,** र कुनै पनि घनिष्ट क्रियाकलापका लागि सो उपलब्ध रहेको सुनिश्चित गर्नुहोस्
5. **GBV का सङ्केतहरू** र कसरी मद्दत गर्न सकिन्छ सिक्नुहोस्
6. आफ्नो समुदायमा GBV का विषयमा **कुराकानी आरम्भ गर्नुहोस्**
7. मद्दत कसरी उपलब्ध गराउने भन्ने विषयमा **संसाधनहरू तथा जानकारी लिनुहोस्**
8. **GBV रोकथाम र सम्बोधन गर्ने** सङ्गठनहरूको सुदृढीकरण गर्नुहोस् र सहयोग गर्नुहोस्
9. **आफू र अन्यलाई जबाफदेही बनाउनुहोस्**
10. GBV को तथ्याङ्कका बारेमा आफैँलाई शिक्षित गर्नुहोस् र बढी तथ्याङ्क माग गर्नुहोस्

** UN महिला (https://www.unwomen.org/news/stories/2020/11/compilation-take-action-to-help-end-violence-against-women) बाट लिइएको*

बाँचेकाहरूलाई सहयोग गर्नुहोस्, उनीहरूका कुरा सुन्नुहोस् र विश्वास गर्नुहोस्

आफ्नो जीवनमा तपाईं GBV का पीडितहरू तथा उत्तरजीवीहरूलाई कसरी सहयोग गर्न सक्नुहुन्छ।

- **यदि तपाईं वा अरू कोही तात्कालिक खतरामा भए 911 मा फोन गर्नुहोस्।** यसले पुलिसको प्रतिक्रिया निम्त्याउने छ भन्ने कुरा नोट गर्नुहोस्।
- **तपाईंलाई बताउने मानिसलाई विश्वास गर्नुहोस्।** राय व्यक्त नगरी वा सल्लाह नदिई सुन्नुहोस्:
    - त्यस्ता व्यक्तिलाई निर्णय गर्न दबाब नदिनुहोस्।
    - आफूले दिने सहयोगमा सर्तहरू नतेर्स्याउनुहोस्।
    - हानी गर्ने व्यक्तिलाई नखसाल्नुहोस्। यसले हानी गरिएको व्यक्तिलाई तपाईंसँग कम बोल्ने गराउन सक्छ।
- **तलका जस्ता समर्थनात्मक भाषा तथा वक्तव्यहरू प्रयोग गर्नुहोस्:**
    - "यो तपाईंको गलती होइन; तपाईंलाई त्यस्तो हुनुहुन्नथ्यो"
    - "आज तपाईंलाई सहयोग गर्न म के गर्न सक्छु?"
    - "म तपाईंको सुरक्षाका लागि चिन्तित छु; तपाईंलाई आफू सुरक्षित रहेको अनुभव गर्न केले मद्दत गर्छ जस्तो लाग्छ?"
- **आफ्नो पक्षपातहरू जाँच्नुहोस्:**
    - 'उनी' को साटो 'उनीहरू', वा 'केटासाथी' को साटो 'साथी' जस्तो लैङ्गिक रूपमा तटस्थ भाषा प्रयोग गर्नुहोस्।
    - आफ्नो अनुहारको भाव तथा शारीरिक मुद्राबारे सचेत रहनुहोस्।
    - उक्त व्यक्तिको धर्म वा संस्कृतिलाई दोष दिने वा प्रतिरक्षा गर्नेबाट बच्नुहोस्।
- **पीडितलाई दोष दिने वक्तव्यहरूबाट बच्नुहोस्, जस्तै:**
    - "तपाईंले उनीहरूलाई त्यस्तो व्यवहार गर्न किन दिएको?"
    - "यस्तो हुने गरी तपाईंले के गर्नुभयो?"
    - "तपाईं किन त्यहाँबाट हिँड्नुभएन, वा किन चाँडै मद्दत माग्नुभएन?"
- **उनीहरूलाई त्यस्ता मानिसहरूसँग कुरा गर्न प्रोत्साहित गर्नुहोस् जसले उनीहरू तयार भएपछि मद्दत गर्न सकून्:**
    - उनीहरूको सुरक्षाका लागि उनीहरूको गोपनीयता तथा व्यक्तिगत सरोकारहरूको सम्मान गर्नुहोस्।
    - तपाईं सहमत नहुँदा पनि निर्णय गर्ने उनीहरूको अधिकारको सम्मान गर्नुहोस्।
    - धैर्य गर्नुहोस् र उनीहरूले पुनः हिंसा हुन सक्ने परिस्थितिमा बस्न चाहे भने आफूले दिने सहयोगलाई निरन्तरता दिनुहोस्।
- **यदि दुर्व्यवहारबाट पीडित व्यक्तिले चाहे भने,** विश्वासिलो स्रोतबाट प्राप्त जानकारी उनीहरूलाई बताउनुहोस्। उनीहरूलाई वेब www.nyc.gov/nychope, मा र फोन 800-621-4673 मा NYC को अनलाइन संसाधन कोश NYC Hope बारे जानकारी दिनुहोस्, जहाँ उनीहरूले निःशुल्क र गोपनीय जानकारी तथा सेवाहरू प्राप्त गर्नका लागि परिवार न्याय केन्द्रहरू तथा अन्य छिमेक संसाधनहरू पत्ता लगाउन सक्नेछन्।

संसाधनहरू

NYC HOPE

NYC HOPE (www.nyc.gov/nychope) एउटा अनलाइन संसाधन हो जसमा सम्पूर्ण पाँच नगरहरूमा घरेलु तथा लिङ्ग-आधारित हिंसाका उत्तरजीवीहरूसँग काम गर्ने समुदाय-आधारित सङ्गठनहरूका विषयमा जानकारी सामेल छ।

उक्त कोषलाई निम्न तरिकाले खोज्न सकिन्छ:

- नगर
- उपलब्ध सेवाहरू, जसमा आवास सहयोग, परामर्श, कानुनी सेवाहरू, आपातकालीन आर्थिक सहयोग सामेल छन् तर त्यतिमै सीमित छैनन्
- निर्दिष्ट जनसङ्ख्यालाई सेवा दिनमा विशेषज्ञता हासिल गरेका सङ्गठनहरू, जसमा LGBTQ+ व्यक्तिहरू तस्करीबाट बचेकाहरू, किशोरकिशोरीहरू, आप्रवासीहरू सामेल छन् तर त्यतिमै सीमित छैनन्
- प्रदान गरिने भाषाहरू जसमा स्प्यानिस, चिनियाँ (मान्डारिन, क्यान्टोनियाली र ताइवानियाली), रसियाली, बङ्गाली, हैटियाली क्रियोल, कोरियाली, अरबी, उर्दू, फ्रान्सेली, पोलिसियाली सामेल छन् तर त्यतिमै सीमित छैनन्
- व्यक्ति उपस्थित, अनलाइन, वा ह्विलचेयरबाट पहुँच राख्न सकिने स्थानहरू

NYC HOPE अनलाइन प्राप्त गर्नुहोस्

www.nyc.gov/nychope

तात्कालीन सुरक्षा योजना, आश्रय सहयोग, तथा अन्य संसाधनहरूका लागि

NYC को 24/7 हटलाइनमा फोन गर्नुहोस्:

800-621-4673

NYC परिवार न्याय केन्द्रहरू

NYC का परिवार न्याय केन्द्रहरू (Family Justice Centers, FJCs) (www1.nyc.gov/ocdv/programs/family-justice-centers.page) ले घरेलु तथा लिङ्ग-आधारित हिंसाका पीडित तथा उत्तरजीवीहरूलाई फोन मार्फत वा व्यक्ति-उपस्थित रूपमा निःशुल्क सेवाहरू तथा गोपनीय सहयोग प्रदान गर्दछन्। भाषा, लैङ्गिक पहिचान, वा आप्रवासन स्थिति जेसुकै भए तापनि सबैजनालाई स्वागत गरिन्छ।

व्यक्ति-उपस्थित सेवाहरूका लागि, यदि तपाईं दूर सेवाहरूमा सुरक्षित तथा भरपर्दो किसिमले संलग्न हुन सक्नुहुन्न भने एपोइन्टमेन्ट तय गर्नका लागि वा सबैभन्दा नजिकको FJC मा जानका लागि तपाईंले FJC (सोमबार-शुक्रबार, बिहान 9 देखि साँझ 5 बजेसम्म) लाई फोन गर्न सक्नु हुनेछ।

दूर सेवाहरूका लागि आफ्नो सबैभन्दा नजिक रहेको FJC सँग जोडिन तपाईंले 311 मा वा तल सूचीकृत नम्बरहरूमा फोन गर्न सक्नुहुनेछ। यदि तपाईंलाई अनुरोध गरियो र त्यसो गर्न सुरक्षित हुन्छ भने, कृपया सन्देश छोड्नुहोस् र कोही तपाईंलाई मद्दत गर्न आउनेछन्।

BRONX
NYC FAMILY JUSTICE CENTER
198 EAST 161ST STREET, 2ND FL.
(718) 508-1220

BROOKLYN
NYC FAMILY JUSTICE CENTER
350 JAY STREET, 15TH FL.
(718) 250-5113

MANHATTAN
NYC FAMILY JUSTICE CENTER
80 CENTRE STREET, 5TH FL.
(212) 602-2800

QUEENS
NYC FAMILY JUSTICE CENTER
126-02 82ND AVENUE
(718) 575-4545

STATEN ISLAND
NYC FAMILY JUSTICE CENTER
126 STUYVESANT PLACE
(718) 697-4300

16 लिङ्ग-आधारित हिंसा विरुद्ध दिने सक्रियतावाद

[WWW.NYC.GOV/16DAYS](http://www.nyc.gov/16days)

NYC मेयरको कार्यालयले घरेलु तथा लिङ्ग-आधारित हिंसा अन्त्य गर्ने

@NYCENDGBV

NYC लैङ्गिक निष्पक्षता आयोग

@GENDEREQUITYNYC

@NYCGENDEREQUITY

मेयरको निष्पक्षता कार्यालय NYC

@EQUITYNYCGOV